# २३ औ कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरु

२०७५/०६/०४ गते

१) भवन अभिलेखिकरण सम्बन्धमा
२) M-WASH- CC पुनर गठन सम्बन्धमा
३) सडक बोर्डको योजना छनौट सम्बन्धमा
४) मर्मत सम्भार कोषको योजना छनौट सम्बन्धमा
५) प्रदेश सरकार सँग माग गर्ने योजना सम्बन्धमा
६) वडा स्तरीय उपभोक्ता समिति गठन सम्बन्धमा
७) वडा स्तरीय दशलाख वा सो भन्दा बढीका योजना सञ्चालन सम्बन्धमा
८) नगर प्रोफायल सम्बन्धमा
९) अनुमोदन सम्बन्धमा :
१०) **विविध** :

**निर्णय नं १: प्रस्ताव नं १** माथि छलफल गर्दा भीमेश्वर नगरपालिका भित्र नक्शापास नभएका तपशिल बमोजिमका भवनहरुलाई अभिलेखिकरण गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) नगरपालिका स्थापना हुनुभन्दा अघि निर्माण भएका घरहरुको आवश्यक प्रकृया पुऱ्याई अभिलेखिकरण गर्ने ।

(ख) नगरपालिकाबाट नक्शा पास गरी वा नगरी तोकिएको भन्दा बढी तल्ला थप गरी निर्माण भएका भवनहरुको सम्बन्धमा साविकमा नगरपालिकाले तोकिएको सडकको सेटब्याक छोडी निर्माण भएका भवनहरु नेपाल सरकार वा नगरपालिकाले चाहेका बखत तोकिएको सेटब्याक (फासला ) भित्रपर्ने संरचना  बिना मुआब्जा हटाउनका लागि मन्जुरीहुने शर्तनामा गराई जाँचबुझ गरी कानून बमोजिम तेब्बर दस्तुर लिई अभिलेखिकरण गर्ने ।

(ग)उपरोक्त (क) र (ख) अनुसारको अभिलेखिकरण कार्यको लागि ३ महिनाको समय दिने ।

**निर्णय नं २: प्रस्ताव नं  २** माथि छलफल गर्दा (क)  नेपाल सरकारको सरसफाई गुरुयोजना बमोजिम भीमेश्वर नगरपालिकालाई खानेपानी र सरसफाईको क्षेत्रमा आवश्यक व्यवस्थापन र सुधार गर्नको लागि २०७१ सालमा गठित नगरपालिका स्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति (M-WASH-CC) लाई देहाय अनुसार पुर्नगठन गर्ने निर्णय गरियो ।

क) अध्यक्ष श्री भरत बहादुर केसी ...................... नगर प्रमुख

ख) सदस्य श्री कमला बस्नेत  ................................नगर उप प्रमुख

ग) सदस्य श्री  रामकृष्ण उप्रेती .........................प्रमुख प्रशासकीय अधिकृत

घ) सदस्यहरु वडा अध्यक्ष .................................. वडा नं. १ –९ सबै

ङ) सदस्य :  प्रमुख ........................................जिल्ला शिक्षा समन्वय ईकाई दोलखा

च) सदस्य : कार्यालय प्रमुख ..........................जिल्ला स्वास्थ्या कार्यालय, दोलखा

छ) सदस्यः प्रमुख/प्रतिनिधि .............................जिल्ला प्रहरी कार्यालय, दोलखा

ज) सदस्य, अध्यक्ष ................................................चरिकोट खानेपानी उपभोक्ता समिति

झ) सदस्य : अध्यक्ष .....................................दोलखा खानेपानी उपभोक्ता समिति

ञ) सदस्य : अध्यक्ष ...............................सामुदायिक वन उपभोक्ता भीमेश्वर नगर समिति

ट) सदस्य :सभापति,................................. नेपाल रेडक्रस सोसाइटी भीमेश्वर नगर समिति

ठ) सदस्य : अध्येक्ष ...................................सामुदायिक विकास मञ्च

ड) सदस्य : अध्यक्ष .....................................पत्रकार महासंघ, दोलखा

ढ) सदस्य : अध्यक्ष.................................... होटल व्यवशायी संघ , दोलखा

ण) सदस्य : अध्यक्ष .....................................दोलखा उद्योग वाणिज्य संघ

त) सदस्य : बिष्णु सापकोटा ..........................महिला स्वास्थ्य स्वयमसेविका

थ) सदस्यः प्रतिनिधि .................................विद्यालय ब्यबस्थापन समिति तर्फबाट १ जना

द) सदस्यः संयोजक/प्रतिनिधि .......... .नगर बाल सञ्जाल (संयोजक....१) बालिका प्रतिनिधि (१)–२ जना ।

न) सदस्य सचिव ..................सामाजिक विकास शाखा प्रमुख भीमेश्वर न.पा.

(ख) भिमेश्वर नगरपालिकालाई खानेपानी र सरसफाईको क्षेत्रमा आवश्यक व्यवस्थापन र सुधार गर्नको लागि प्रत्येक वडामा वडा अध्यक्षको अध्यक्षतामा वडा सदस्य सबै,विद्यालयका प्रअहरु, खानेपानी उपभोक्ता समितिका अध्यक्षहरु,सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षहरु, स्थानीय स्वास्थ्य संस्थाका प्रमुखहरु, महिला स्वास्थ्य स्वयंमसेविकाहरु, नेपाल रेडक्रस, सोसाइटीका स्थानीय प्रतिनिधि, खानेपानी र सहकारीका प्रतिनिधिहरु समेत सदस्य रहने गरी वडा स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन गर्ने निर्णय गरियो । सबै वडामा गठित उल्लेखित समितिको बैठक बसी खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रका आवश्यक कार्ययोजना तयारी गरी भीमेश्वर नगरपालिका लगायत विभिन्न निकाय, संघ संस्थाको सहयोग र समन्वयमा कार्यान्वयन गरी सो को जानकारी नगरपालिकामा गराउने निर्णय गरियो ।

**निर्णय नं ३: प्रस्ताव नं ३** माथि छलफल गर्दा सडक बोर्डबाट आ.व. ०७५/७६ मा प्राप्त बजेटबाट नगरपालिका क्षेत्र भित्रका तपशिल बमोजिमका पक्की सडकहरु मर्मत सम्भार गर्ने र उक्त सडक बोर्डको कार्यक्रममा नगरपालिकाको तर्फबाट ब्यहोर्नुपर्ने रकम नगरपालिकामा प्राप्तहुने थप आय शीर्षकबाट ब्यहोर्ने निर्णय गरियो ।

तपशिल

(क) पुरानो बजार सडक वडा नं. ३

(ख) मानेडाँडाबाट को.ले.नि.का. हुँदै नापी कार्यालयसम्मको सडक वडा नं. ३ र ६

(ग) सातदोबाटो–रामजानकी –फुलवारी सडक वडा नं ६

(घ) घ्यावापानी सेरा सडकको चोथाङ खण्ड वडा नं. ६

**निर्णय नं ४: प्रस्ताव नं ४** माथि छलफल गर्दा नगरपालिका क्षेत्रमा आवागमन सुचारु गर्न मर्मत सम्भार कोषबाट देहायका योजना सञ्चालन गर्ने निर्णय गरियो ।

**(क)** दोलखा सिंहबन सडक मोड सुधार

**(ख)** सातदोबाटो –रामजानकी सडकको चितामथली खण्ड मर्मत सुधार ।

**(ग)** यस वर्षको वर्षादको पानीबाट क्षतिग्रत यस नगरपालिकाका मुख्य सडकहरुमा यातायात सुचारु रुपमा सञ्चान हुन नसकेका नगरपालिका क्षेत्रभित्रका सडकहरुमा यातायात सुचारु गर्न प्राविधिकबाट लगत ईष्टिमेट तथा कार्ययोजना बनाई नगरपालिकाको ब्याकहो लोडर प्रयोग गरी सडक अवरोध हटाउने । उक्त कार्य गर्न रु ५,००,०००। पाँच लाख मात्रा खर्च गर्ने ।

**निर्णय नं ५: प्रस्ताव नं ५** माथि छलफल गर्दा प्रदेश सरकार बाट आ.ब. ०७५/०७६ का लागि देहायका योजनाहरु माग गर्ने निर्णय गरियो
तपशिल
(क) यस नगरपालिका र सिन्धुपलान्चोक जिल्लाको सिमानामा निर्माणहुने भीमेश्वर प्रवेशद्वार स्थलमा थप निर्माण गरिने पर्यटन सूचना केन्द्र , सार्वजनिक शौचालय तथा विश्राम बगैचा जस्ता थप भौतिक सरचना निर्माण ।
(ख) २०७२ सालको भुकम्प पश्चात एकीकृत नमुना वस्तिको रुपमा निर्माण प्रकृया अगाडी बढाईएका भी.न.पा. ४ जिलु स्थित डिही र फस्मी तथा भी.न.पा. वडा नं. १ बोसिम्पामा जग्गा सम्याई घडेरी निर्माण गर्न र भवनको एकरुपताका लागि छाना निर्माण ।

**निर्णय नं ६: प्रस्ताव नं ६** माथि छलफल गर्दा वडा स्तरीय योजनाको उपभोक्ता समिति गठनका लागि २०७५ भाद्र मसान्त सम्मको समय सीमा तोकिएकोमा उपभोक्ता समिति गठन हुन बाँकी देखिएकोले अन्तिम पटक २०७५ असोज १५ गते सम्मका लागि उपभोक्ता समिति गठन गर्न म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७: प्रस्ताव नं. ७** माथि छलफल गर्दा मिति २०७५। ०४।१५ को कार्यपालिकाको बैठकबाट रु दशलाख वा सो भन्दा बढीका योजनाहरु ठेक्का प्रणालीबाट कार्यान्वयन गर्ने निर्णय भएतापनि कार्यान्वयनमा विविध प्रकारका प्राविधिक समस्या देखिएकाले वडास्तरीय सबै योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८: प्रस्ताव नं. ८** माथि छलफल गर्दा नगर प्रोफायल निर्माण गर्न देहायको समय सीमा सहितको कार्य योजना निर्माण गरी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तपशिल

(क) असोज ५ र ६ गते वडा समितिले नगरप्रोफायलको मस्यौदा अध्ययन गरी छुटेका, संसोधन गर्नुपर्ने लगायतका विषयहरु पहिचान गर्ने ।

(ख) असोज ७ गते गणकहरुलाई कार्यालयमा बोलाई थप तथ्यांङक संकलन सम्बन्धमा अभिमुखिकरण गर्ने र सोहिदिन गणकहरु वडा कार्यालयमा सम्पर्क गर्न पठाउने ।

(ग) असोज ८ गतेदेखि १६ गते सम्म प्रोफायल तयारीमा संलग्न कर्मचारीहरु प्रत्येक वडामा गई वडा पदाधिकारीहरुसँग प्रत्यक्ष छलफल गरी वडाका संस्थागत विवरण संकलन तथा सुद्धिकरण गर्ने ।

(घ) असोज १७ देखि २० गते सम्म विषयगत कार्यालय सँग सम्बन्धित विवरणहरु संकलन एवं सुद्धिकरण गर्ने ।

(ङ) असोज २३ र २४ गते अन्तिम छलफल एवं प्रमाणीकरण कार्यक्रम सञ्चालन गर्ने

**निर्णय नं. ९: प्रस्ताव नं. ९** माथि छलफल गर्दा नगर प्रमुखको आदेश बमोजिम कार्यालयबाट भुक्तानी दिएका तपशिलका रकम भुक्तानी लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) मूलपानी सामुदायिक वन बृक्षारोपणका लागि विरुवा ढुवानी वापत रु ३,०००। तिन हजार मात्र ।

(ख) प्रेश युनियनको अधिबेशनमा सञ्चालन गर्दा खर्च भएको खानाखर्च रु १८,०००। अठार हजार मात्र

(ग) बनारसी सहयोगीहातहरुले साँस्कृति आदन प्रदान कार्यक्रम लाखेनाच चितवनमा देखाउदा लागेको खर्चमध्ये रु २५,०००। पच्चिस हजार मात्र ।

**निर्णय नं. १०: विविध** माथि छलफल छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(१०.१) भीन.पा. ४,५,र ७ का देहायका सडकहरु वर्षातको समयमा संरक्षण गर्न मर्मत सम्भार कोषबाट प्रति ब्यक्ति मासिक ज्याला रु ६,०००। छ हजार मात्र पाउने गरी सडक हेरालु राखेको ज्याला २०७५ श्रावण १ देखि भाद्र मसान्त सम्म २ महिनाको भुक्तानी दिने निर्णय गरियो ।

(क) अनाथालय महांकाल सडक २ जना वडां.नं ५

(ख) अनाथालय गाईघाट सडक २ जना वडां.नं.५

(ग) घेवापानी सेरा सडक २ जना वडां.नं.७

(घ) पाटीखोला–उखुबारी सडक २ जना वडां.नं ७

(ङ) चेतनशिल जिलु सडक १ जना वडां. नं. ४

(च) भटमासे जिलु सडक २ जना वडां.नं. ४

(१०.२) कडेन तरकारी तथा फलफूल कृषक समूह भी.न.पा.८ बोच लाई अलैचि बिरुवा रोपन कार्यक्रम को कूल लागत मध्ये नगरपालिकाले ब्यहोर्ने अंश रु १२६६००। एकलाख छब्बिस हजार छ सय मात्र भुक्तानी दिने निर्णय गरियो ।

(१०.३) देहायका कार्य सञ्चालन गर्न देहाय बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

(क) कुलडाँडा –टाँडी गारेटोबाटो मर्मत गर्न एकमुष्ठ रु २५,०००। (पच्चिस हजार मात्र )मर्मत सम्भार कोषबाट उपलबध गराउने निर्णय गरियो ।

(ख) भीन.न.पा ९ का ज्ञानबहादुर श्रेष्ठको घर आगलागि भई पूर्ण रुपमा क्षति भएकोले प्रहरी प्रतिबेदन तथा वडा कार्यालयबाट सिफरिस भै आएकोले आवास ब्यबस्थापनका लागि रु १५,०००।(पन्द्र हजार )उपलब्ध गराउने ।

(ग) कालिञ्चोक यूवा ल्कबलाई साँस्कृति संरक्षण कार्यको लागि रु १०,०००। (दश हजार मात्र ) उपलब्ध गराउने ।

(घ) चरिकोट डान्स कियशनलाई साँस्कृतिक कार्यक्रम सञ्चालन गर्न रु २०,०००। बिस हजार मात्र उपलब्ध गराउने

(ङ) लालिगुराँस यूवा क्लब चरिकोटलाई लाखे महोत्सव सञ्चालन गरे वापत रु २५,०००।( पच्चिस हजार) उपलब्ध गराउने ।

(१०.४) शिक्षक झोला खरिद शीर्षकमा विनियोजीत रकम नपुग हुने देखिएकोले उक्त शिर्षकमा रकम रु १,००,०००। (एक लाख) बिद्यालय खाजा कार्यक्रम बाट रकमान्तर गरी थप गर्ने निर्णय गरियो ।

(१०.५) तपशिलका नगरस्तरीय योजनाहरु प्राविधिक कारण ठेक्का प्रणालीमा जान विविध कठिनाई उत्पन्न भएकोले उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

(क) चम्पूजा हरियाली पार्क विकास योजना ।

(ख) डिही–बादी सडक निर्माण योजना भीन.पा. ४

(ग) सातदोबाटो चरिघ्याङ सडक ढल निर्माण योजना ।

(घ) भ्यूटावर –थामी संग्राहलय–कुथली हाईकिङरुट निर्माण योजना

(१०.६) कर्मचारीका लागि सवारी ईन्धन तथा सवारी मर्मत खर्च देहायबमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

(क) सवारी चालक प्रमाण पत्र भई कार्यालयको काममा प्रयोगमा आएका सरकारी वा नीजि सवारी साधन वापत फिल्डमै गई कार्य गर्नुपर्ने प्राविधिक कर्मचारीलाई मासिक २० लिटर पेट्रोल र सवारी मर्मत खर्च रु ५००। -(पाँचसय) ।

(ख) सवारी चालक प्रमाण पत्र भई कार्यालयको काममा प्रयोगमा आएका सरकारी वा नीजि सवारी साधन वापत प्रशासनिक कर्मचारीलाई मासिक १० लिटर पेट्रोल र सवारी मर्मत खर्च रु ५००।( पाँचसय)। (ग) सवारी चालक प्रमाण पत्र भई कार्यालयको काममा प्रयोगमा आएका सरकारी वा नीजि सवारी साधन वापत वडा सचिवलाई मासिक १५ लिटर पेट्रोल र सवारी मर्मत खर्च रु ५००। -( पाँचसय) ।

(१०.७) यस नगरपालिकामा स्थायी बसपार्क निर्माण स्थल पहिचान गरी २०७५साल असोज मसान्तभित्र नगरपालिकालाई सिफारिस गर्न वडा नं. ४ का वडाअध्यक्ष हरिबंश चौलागाँईको संयोजकत्वमा देहायका सदस्य रहने गरी बसपार्क स्थल पहिचान तथा सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

श्री हरिबंश चौलागाँई ……………..संयोजक
श्री बिराजमान श्रेष्ठ …………….. सदस्य
श्री हरिशरण शिवाकोटी…………….. सदस्य
श्री रामचन्द्र बस्नेत ……………  .सदस्य
श्री नविन कुमार लामा …………….सदस्य
ई.श्री सुरेश राउत ………………..सदस्य सचिव

(१०.८) विगतमा यस नगरपालिकाको ६ वटा वडाहरुको सामाजिक सूरक्षा भत्ता वितरण कृषि विकास बैक चरिकोट शाखाबाट भई आएकोमा लाभग्राहीहरुबाट ब्यापक गुनासो आएको र बाँकी रहेका ३ वटा वडाहरु समेत गरी ९ वटै वडाहरुको सामाजिक सूरक्षा भत्ता तपशिलमा उल्लेख भए बमोजिम बैकहरुबाट निम्न वडाहरुको सामाजि सूरक्षा भत्ता वितरण गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

तपशिल

| वडा नं. | सामाजिक सूरक्षा भत्ता वितरण गर्ने बैकहरु |
|---|---|
| १,२ र ८ | मेघा बैक, चरिकोट शाखा |
| ३,४ र ९ | प्रभु बैक, चरिकोट शाखा । |
| ५,६ र ७ | लक्ष्मी बैक, चरिकोट शाखा । |